प्लास्टिकको प्रयोग नगरौं,
वातावरण स्वस्थ राखौं
- प्लास्टिक चार सय वर्षसम्म कुहिँदैन ।
- यसले जमीन तथा जल प्रदूषण गर्छ ।
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ राख्दा क्यान्सरजस्तो घातक रोग लाग्न सक्छ ।
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ ।

त्यसैले प्लास्टिकको साटो कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ ०२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 16 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३७

## माघी पर्व थारू समुदायले धूमधामले मनाए

ओमप्रकाश चौधरी, सेढवा, १ माघ/

वीरगंज महानगरपालिका, पर्सागढी नगरपालिका, पटेर्वासुगौली, जीराभवानी र सखुवाप्रसौनी गापा गरी पर्सा जिल्लाका पाँचवटा पालिकामा सोमवार माघी/खिचडी महोत्सव एवं सांस्कृतिक कार्यक्रम धूमधामका साथ मनाइएको छ।




वीरगंजको घण्टाघरबाट निकालिएको ऱ्याली पुरानो बसपार्क आदर्शनगरमा पुगेर कार्यक्रम गरी समापन भएको थियो । माघी मूल समारोह समितिको आयोजनामा कार्यक्रम भएको थियो । यसैगरी, जीराभवानी गापाको सहयोगमा युवा समाज पकडीटोलले जीराभवानी गापा–१ वडा कार्यालय परिसरमा माघी महोत्सव आयोजना गरेको थियो । वडाध्यक्ष रामशरण खवासको सभापतित्व तथा गापा अध्यक्ष अनोज चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा थारूको परम्परागत पहिरन, पौराणिककालदेखि प्रयोग गर्दै आएका विभिन्न सामग्रीहरूको प्रदर्शन गरिएको थियो । कार्यक्रममा थारू संस्कृति अन्तर्गत लोप हुँदै गएका झमटा, घाटोलगायतका गीत पनि प्रदर्शन गरिएको थियो । कार्यक्रममा ठोरी गापाध्यक्ष लालबहादुर श्रेष्ठ, जीराभवानी गापा उपाध्यक्ष रेखा चौधरी, वडाध्यक्ष महादेव महतो, सामाजिक कार्यकर्ता प्रकाश थारू, बिकाउ भण्डारीलगायतले शुभकामना मन्तव्य गरेका थिए ।

कार्यक्रममा १० जना विद्यार्थीको समूहले नृत्य प्रतियोगिता गरेका थिए । जसमा लाटोमाई समूह प्रथम, पकडीटोल दोस्रो, जियर समूह वीरगंज तेस्रो र वनशक्ति प्रावि काठमाडौंटोल सान्त्वना भएका थिए । प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएका समूहलाई क्रमशः २०, १०, पाँच र एक हजार नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजक संस्थाका अध्यक्ष बालेश्वर दिस्वाले बताए।

यसैगरी, पटेर्वासुगौली गापामा तेस्रो माघी महोत्सव तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । गापाध्यक्ष दिनेशकुमार चौधरीको सभापतित्व तथा




पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा थारू जातिले प्रयोग गर्दै आएका हलो, माछा मार्ने जालो, खोकी, डेली, बेवा तथा डोकनी (काठको भाँडो) प्रदर्शनीमा राखिएका थिए ।

कार्यक्रममा पूर्वराज्यमन्त्री नागेन्द्र चौधरी, नेकपा माओवादी केन्द्रका बालेश्वर चौधरी, गापा उपाध्यक्ष ममता महतो, परमेश्वर महतो, मुकेश गौरोले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा स्थानीय गायक तथा कलाकार नेपाली निरहुवाले गीत र चितवन माडीका अग्रिम महिला समूहका सदस्यहरूले नृत्य प्रस्तुत गरेका थिए।

महोत्सवमा हास, परेवा, कुखुराका मासु, घोङी, अनदी, सानो माछालगायत परिकारका स्टल राखिएका थिए।

**रक्तदान कार्यक्रम**

माघी महोत्सवको अवसरमा पटेर्वासुगौली गापामा सोमवार रक्तदान कार्यक्रम पनि गरिएको थियो । कार्यक्रममा पाँचजना महिलासहित ८५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष साहले बताए।

***नरेश यादव, पर्सागढी/***

पर्सागढी नगरपालिका तथा थारू शिक्षक पर्सागढीको सहयोगमा थारू कल्याणकारिणीसभा नगर मूल समारोह समितिले पर्सागढी नपामा सोमवार चौथो पर्सागढी माघी (खिचडी) पर्व विविध कार्यक्रम गरी मनाएको छ । थारू कल्याणकारिणी, पर्सागढीका सभापति जङ्गबहादुर दास थारूको अध्यक्षता भएको कार्यक्रमको थारू समुदायका ज्येष्ठ नागरिक भगनदास थारूले उद्घाटन गरेका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेलले थारू समुदायका कला–संस्कृति माघी महोत्सवको माध्यमबाट झल्काउने काम भएको बताए। नगरप्रमुख गोकर्ण पाठकले कला–संस्कृतिका बारेमा आफ्ना सन्ततिलाई जानकारी गराउने माध्यमको रूपमा माघी पर्व रहेको बताए ।

सो अवसरमा छात्रवृत्ति पाएर उच्च शिक्षा अध्ययन गरिरहेका थारू समुदायका विद्यार्थीहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा थारू समुदायका परिकारहरू राखिएका थिए भने प्रियङ्का चौधरीले नृत्यबाट सबैलाई मनोरञ्जन गराएकी थिइन् ।

कार्यक्रम उपप्रमुख पूजा चौधरी, पूर्वउपप्रमुख अर्चना चौधरी, वडाध्यक्ष राजकपूर खवास, रामबढाइ यादव, वीरेन्द्र चौधरी, शेख खुर्सेद, पूर्ववडाध्यक्ष वेदमनदास थारू, रामनारायणप्रसाद गौरो, प्रधानाध्यापक रामबहादुर चौधरी, चेतमन दास, बिन्दा चौधरीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण शिक्षक योगेन्द्र चौधरी र अमित चौधरीले गरेका थिए ।

## वन समूहका अध्यक्ष थापा पक्राउ

जीतलाल श्रेष्ठ, निजगढ, १ माघ/

निजगढ नगरपालिका–२ सिगौंल स्थित श्री वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सिद्धबहादुर थापा शनिवार दिउँसो पक्राउ परेका छन्।


अध्यक्ष सिद्धबहादुर थापा

पक्राउ परेका थापालाई आइतवार बारा जिल्ला अदालतले पाँच दिने म्याद थप गरेको डिवका सिमरा बाराले जनाएको छ ।

सो सामुदायिक वन समूहको वन क्षेत्र आबादी गराएको आरोपमा २०७३ असार २० गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । अख्तियारले २०७७ असार ११ गते निर्णयसहित दोषी देखिएका व्यक्तिविरुद्ध कारबाई प्रक्रिया अघि बढाउन डिभिजन वन कार्यालय, बारालाई पटक–पटक निर्देशानात्मक पत्राचार गरेको र सोही क्रममा सतर्कता केन्द्रमा उजुरी परेसँगै २०७९ पुस २१ गते आवश्यक कारबाई अघि बढाउन सतर्कता केन्द्रबाट पनि निर्देशनात्मक पत्रचार डिवका बारालाई पठाएको जनाएको छ ।

सोही क्रममा अतिक्रमणमा संलग्न भएका व्यक्तिलाई बारा जिल्ला अदालतले २०८० भदौं १५ गते पक्राउ पूर्जी जारी गरेपछि अध्यक्ष सिद्धबहादुर थापालाई पक्राउ गरिएको डिभिजन वन कार्यालय बाराका प्रवक्ता एवं वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले बताए । सो सामुदायिक वन उपभोक्ता समूहको २० हेक्टरभन्दा बढी वनक्षेत्र आबाद गर्दै आएको उजुरी परेको स्रोतले जनाएको छ ।

यसरी आबाद गरिएको वन क्षेत्रमा श्री नेपाल राष्ट्रिय मावि, श्री लोकप्रिय आधारभूत विद्यालय, श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, टाँसी छोइलिङ गुम्बा, टाँसी धार्गेलिङ बौद्ध गुम्बा, रुद्रधर महादेव, कृष्णप्रणामी मन्दिर, सरस्वती आधारभूत विद्यालयलगायत बाँकी जमीन भागबन्डा गरी आबाद गर्ने कार्यमा संलग्न तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रअ, गुम्बाका अध्यक्ष, मन्दिरका अध्यक्षलगायत २६ जनाविरुद्ध बारा जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी भएको स्रोतले जनाएको छ ।

यसरी आबाद गरिएको वन क्षेत्रमा निरन्तर मौसम अनुसार बाली लगाउनुका साथै केराबाली लगाइँदै आएको छ । यता तत्कालीन माओवादी सशस्त्र द्वन्द्वताका फडानी गरिएको सो वन क्षेत्रमा स्थानीय समाजसेवी, सचेत स्थानीय, गाउँलेहरूले मानव बस्ती बस्न रोक लगाएको एकथरी स्थानीय बताउँछन् ।

अतिक्रमित वन क्षेत्रमा सार्वजनिक, सामुदायिक विद्यालय, मठ–मन्दिर, गुम्बा, सङ्घसंस्था सञ्चालनका लागि जमीन भागबन्डा गरी खेतीपाती गर्न ठेक्कासमेत लगाइँदै आएको समाचार स्रोतको दाबी छ ।

## शीतलहरका कारण विद्यालय बन्द

प्रस, रौतहट, १ माघ/

शीतलहरका कारण बढेको चीसोका कारण गौर नगरपालिकाले माघ ४ गतेसम्मका लागि विद्यालय बन्द गरेको छ ।

बिहान बाक्लो हुस्सुसँगै हावा चलिरहेकोले चीसो बढेको जनाउँदै गौर नगरपालिकाले पालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई वर्षे बिदाबाट कट्टा हुनेगरी माघ ४ गतेसम्म विद्यालय बन्द गर्न सूचनामार्फत निर्देशन दिएको छ । चीसो बढेसँगै विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घटेका कारण पठनपाठनमा पनि समस्या भएकाले विद्यालय बन्द गरिएको गौर नपाले जनाएको छ ।

चीसो बढेकै कारण गौरमा मानिसहरूको चहलपहल पनि घटेको छ । बजार पनि ढिलो खुल्ने र चाँडो बन्द हुने गरेको छ । नपाले चीसोबाट जोगाउन विभिन्न स्थानमा दाउरा वितरण गरेर आगो बाल्ने कार्य पनि गर्दै आएको छ ।

## गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार पासवानलाई

प्रस, वीरगंज, १ माघ/

गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार वीरगंजका पत्रकार बृजलाल




पासवानलाई सोमवार प्रदान गरिएको छ।

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं सांसद अजयकुमार चौरसियाले ५० हजार राशिको पुरस्कार पत्रकार पासवानलाई प्रदान गरेका थिए । कार्यक्रममा सांसद चौरसियाले पत्रकारहरू विषम परिस्थितिमा लोकतन्त्रको रक्षार्थ खटेका र अहिले लोकतन्त्र बचाउने जिम्मेवारी पनि वहन गर्नुपर्ने आग्रह गरे । उनले अहिले मर्यादित पत्रकारिता हुनुपर्ने आवाज उठिरहेकाले यसलाई पनि पत्रकारहरूले गम्भीरतापूर्वक लिनुपर्ने बताए ।

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पर्साको पत्रकारिता आदर्शमुखी भएको र यसलाई अझ रूपान्तरित गरेर पत्रकारिता आचारसंहिताको पालना गर्दै पत्रकारिता गर्न सुझाए ।

नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहानले पुरस्कृत व्यक्तिको छनोट शाखाले उचितरूपमा गरेको बताए । कार्यक्रमका अध्यक्ष एवं शाखा अध्यक्ष अनुप तिवारीले मर्यादित पत्रकारिता गर्न सुझाए। उनले पत्रकार आचारसंहिताको पालना गरी विनाआधार आरोप लगाउने, कलङ्कित पार्ने काम राम्रो नभएको गुनासो पोखे ।

कार्यक्रममा पूर्वअध्यक्ष अशोक तिवारी, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारी, स्व गिरीका पुत्र गिरीश गिरी, प्रेस युनियन पर्साका अध्यक्ष विजय चौहान, प्रेस सङ्ठन पर्साका अध्यक्ष मनोज पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

## अभियुक्त छुटाउने बिचौलिया पक्राउ

प्रस, वीरगंज, १ माघ/

बन्दी सुधारगृह (वीरगंज कारागार)



मा रहेका भारतीय अपराधीलाई छुटाइदिने भनेर पैसा ठगी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, बाराले एकजना बिचौलियालाई पक्राउ गरेको छ ।

कलैया उपमहानगरपालिकास्थित बाल एकता बोर्डिङ स्कूलका प्रधानाध्यापक रूपेश स्वर्णकार हत्याकाण्डमा संलग्न रहेको आरोपमा पक्राउ परेका भारतीय अपराधीलाई छुटाइदिने भनेर एक लाख ९२ हजार रकम लिएको कसूरमा बिचौलिया महागढीमाई नगरपालिका–१ निवासी २३ वर्षीया श्यामबाबू साहलाई बारा प्रहरीले पक्राउ गरेको प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए ।

उनले साहले रूपेश सर्राफको हत्यामा संलग्न सुजित सिंहलाई छुटाउन अदालत र प्रहरीलाई मिलाउने भनेर निजका पिता जयमङ्गल सिंहसँग १६ लाख रुपैयाँ मागेकामा एक लाख ९२ हजार लिएको बारा प्रहरीको दाबी छ ।

सुजित सिंहका बुबा जयमङ्गलले जिल्ला प्रहरी कार्यालय, बारामा श्यामबाबू साहविरुद्ध जाहेरी दिएका थिए । सोही जाहेरीको आधारमा साहलाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको प्रउ काफ्लेले बताए ।

प्रहरीले नियन्त्रणमा लिएको साहविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दामा बारा जिल्ला

(बाँकी अन्तिम पातामा)

विचारसार र सुक्तिहरू

पतझर नभई रूखमा नयाँ पालुवा आउँदैन, त्यसैगरी कठिनाई र सङ्घर्ष नसही, राम्रो दिन आउँदैन ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# डेडिकेटेड र ट्रङ्क लाइन विवाद

**नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रङ्क लाइन सेवा लिएर विद्युत् महसूल नतिरेका उद्योगहरूको लाइन काटेकोमा अहिले पुनः जडान गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले डेडिकेटेड र ट्रङ्क लाइन सेवा लिएर विद्युत् महसूल नतिरेका उद्योगहरूको लाइन काट्ने प्राधिकरणले सूचना जारी गरेपछि त्यस्ता उद्योगहरूको लाइन नकाट्न निर्देशन दिएका थिए । तर प्रधानमन्त्रीले केही दिनअघि डेडिकेटेड र ट्रङ्क लाइन सेवा लिएर विद्युत् महसूल नतिरेका उद्योगहरूको लाइन काट्न निर्देशन दिएपछि प्राधिकरणले २३ वटा उद्योगको लाइन काट्न थालेको थियो। पाँच/छ वर्षअघि देशमा अत्यधिक लोडसेडिङ भएको बेला दैनिक १८ घण्टासम्म बिजुली आउँदैन थियो । त्यतिखेर उद्योगहरूले प्राधिकरणसँग सम्झौता गरी उद्योगहरूमा डेडिकेटेड र ट्रङ्क लाइन सेवा लिएका थिए । प्रचलित महसूलको ६५ प्रतिशत बढीमा यो सेवा लिएका २९४ वटा उद्योगमध्ये तत्कालीन अवस्थामा शर्तनामा बमोजिम प्राधिकरणलाई ६१ वटा उद्योगले महसूल नतिरेको प्राधिकरणको आरोप छ। प्राधिकरणसँग सम्झौता गरेर सो सेवा लिएका उद्योगीहरूले प्राधिकरणविरुद्ध अदालत पनि धाए । लोडसेडिङको बखत २४ घण्टा उद्योग सञ्चालनका लागि प्राधिकरणका सबस्टेशनहरूबाट सीधैं लाइन लिएर एक मिनेट पनि लोडसेडिङ नभएर निर्बाधरूपमा उद्योग सञ्चालन गरेका उद्योगीहरूले राजनीतिक प्रभावमा प्राधिकरणलाई तिर्नुपर्ने महसूल नबुझाउँदा पनि प्राधिकरणको तत्कालीन नेतृत्वले उद्योगहरूको लाइन काटेको थिएन ।**

**आमजनताले पाउनुपर्ने विद्युत् सेवा प्रभावित गरेर प्राधिकरणबाट डेडिकेटेड र ट्रङ्क लाइन सेवा लिएका उद्योगीहरूले तोकिएबमोजिमको महसूल नतिरेपछि प्राधिकरणले सोही बखत लाइन काट्नुपर्ने थियो तर काटेन र अहिले लाइन काटेपछि यस विषयमा भने विवाद भएको छ । प्राधिकरणले २९४ मध्ये ६१ वटा उद्योगले तत्कालीन अवस्थामा महसूल नतिरेकामा प्राधिकरणको प्रबन्ध निर्देशकमा कुलमान घिसिङ पुनः आएपछि यसविरुद्धको अभियानले तीव्रता पाएको हो । अदालती प्रक्रिया र राजनीतिक दबाबका बीच प्राधिकरणले गत भदौमा यस्तो सेवा लिएका तर महसूल नबुझाएका ६१ वटा उद्योगलाई महसूल बुझाउन अन्यथा लाइन काटिने आशयको सूचना जारी गरेको थियो ।**

**प्राधिकरणको यो कदमलाई त्यतिखेर स्वयम् प्रधानमन्त्रीले नै रोकेका थिए। तर उनले नै २२ अर्ब बक्यौता असुलउपर गर्नका लागि निर्देशन जारी गरेपछि प्राधिकरणले सूची बनाएर ५० करोडमाथि महसूल बक्यौता रहेका २३ वटा उद्योगको लाइन काटेको थियो, जसमा पर्सा र बाराका जगदम्बा स्टील, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, सर्वोत्तम सिमेन्ट, लक्ष्मी स्टीललगायत थिए। अहिले मजदूरहरू बेरोजगार भएका र उद्योगीहरूले पनि प्राधिकरणलाई महसूल तिर्ने वातावरण सिर्जना गर्न आग्रह गरेपछि यसबारेमा मन्त्रिपरिषद्को निर्णयबाट काटिएको लाइन जडान गरिएको छ । उद्योगीहरूले महसूल तिर्छौं भनिरहेका र प्राधिकरणले पनि लिनुपर्ने महसूल लिनुपर्ने आवाज उठिरहेको यस सन्दर्भमा प्राधिकरणले सप्रमाण मागदाबी गर्नुपर्ने र व्यापारीहरूले पनि बक्यौता तिर्नुपर्ने देखिन्छ ।**

# माघे सङ्क्रान्ति–के र किन ?

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**सङ्क्रान्ति, धार्मिक महाकाव्य अनुसार एक देवता हुन् । सङ्क्रान्तिमा शङ्करासुर नामक राक्षसलाई मारेको किंबदन्ती छ, त्यसैले मकर सङ्क्रान्तिको भोलिपल्टलाई करिदिन वा किंक्रांत भनिन्छ । देवीले दुष्ट किंकरासुरको वध गरेको दिन मानिन्छ ।**

माघे सङ्क्रान्ति पर्व, जसलाई मकर सङ्क्रान्ति पनि भनिन्छ, नेपालको एक लोकप्रिय चाड हो । यो देशका जनताले मन खोलेर मनाउँछन् । त्यसैले यस अवसरमा सार्वजनिक बिदा दिइएको छ। यो माघ १ गते (नेपाली तिथि) मा पर्छ । मानिसहरू यस दिनलाई मौसमको सङ्क्रमणकाल र गर्मीलाई स्वागत गर्ने दिन मान्छन् । माघे सङ्क्रान्ति पर्व प्रकाशको दूत–सूर्यलाई समर्पित पर्व हो । यसलाई शक्ति र बुद्धिको प्रतीक पनि भनिन्छ । नेपालमा माघे सङ्क्रान्तिको समयमा धेरैजसो घरमा देख्न पाइने चाकु, तिल्को लड्डू, तरूल र घीउ खाने गर्छन्। यस दिन मानिसहरू नदीमा नुहाउन पनि जान्छन् । देवघाट, दोलालघाट, बराहा क्षेत्र, रिडी (कालीगण्डकी नदी), त्रिवेणीघाटमा रहेको साँचीतीर्थलगायत नदीहरू आध्यात्मिक उद्देश्यले नुहाउनका लागि प्रसिद्ध छन् । भारतबाट धेरै भक्तजन यहाँ पवित्र स्नान गर्न आउँछन्। तराई क्षेत्रका समुदायमाझ अत्यधिक लोकप्रिय भएकोले यसलाई धुमधामसँग मनाइन्छ । यो पर्व कतिपय समुदायको रोपाइँपछिको उत्सव पनि हो । अझ भनौं गणतन्त्रको आगमनसँगै देशमा सबै किसिमका चाडपर्वहरू उत्तिकै महत्त्वका साथ मनाउन थालिएको छ । सयौ थुङ्गा फूलका हामी एउटै माला ... त्यसैको जगमा रहेर व्याकुल माइलाले रचेको राष्ट्रिय गीत हो ।

माघे सङ्क्रान्ति पर्वलाई हिउँद सङ्क्रान्तिको अन्त्यको रूपमा पनि मनाइन्छ । जाडोको चीसोको समाप्ति हुने र माघे सङ्क्रान्तिपछि मौसम न्यानो हुन थाल्छ । यो विक्रम संवत्को दशौं महीनाको पहिलो दिन हो । नेपाल र भारतमा हिन्दूहरूले व्यापकरूपमा मनाउने माघे सङ्क्रान्ति पर्व, ठूलो धार्मिक महत्त्व बोकेको लोकप्रिय चाडहरूमध्ये एक हो। यो जीवन्त पर्व मनाउन नेपाल र भारतका विभिन्न क्षेत्रहरूमा धेरै कार्यक्रमहरू भोजहरू आयोजना गरिन्छ ।

**थारू समुदायको माघी पर्व :**

माघे सङ्क्रान्तिलाई माघी पनि भनिन्छ। माघी नेपाली थारू समुदायको नयाँ वर्ष हो। यसलाई नेपालको राष्ट्रिय चाड पनि घोषणा गरिएको छ । थारू समुदायले यसलाई आफ्नो परिवारसँग मिलेर मनाउने, नयाँ कपडा लगाएर, नाचगान गरेर स्वादिष्ट भोजन गरी मनाउने गर्छन् ।

परम्परागतरूपमा, थारूहरूले माघीमा पूरै वर्षको लागि योजना बनाउँछन्। परिवारका प्रत्येक सदस्यलाई जिम्मेवारी दिइएको हुन्छ। परिवारको कुनै सदस्यले गल्ती गरेमा, यस दिन मुद्दाको चर्चा हुन्छ । र कसैको कार्यसम्पादनबाट कोही सन्तुष्ट नभए पनि एक वर्षसम्म आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। त्यसैगरी मगर समुदायले पनि यसलाई नयाँ वर्षको शुरूआतको रूपमा मनाउने गर्दछन् ।

**काठमाडौंको टुँडिखेल भ्रमण**

. मानिसहरूले विभिन्न सांस्कृतिक कार्यक्रम र भोजहरू आयोजना गर्छन्।. सडकमा स्थानीय खानाहरूको प्रदर्शनी र गुँड, घीउ, आलु, कासवा आदि खाने गर्छन्। धार्मिक महत्त्वका नदीहरू (जस्तै त्रिवेणी, बागमती, महाकाली आदि) भ्रमण गर्ने चलन छ।

–देवघाट, चितवनमा पवित्र स्नान गर्ने रितिरिवाज छ र थारू समुदायले स्थानीय भोजहरूमा हर्सोल्लासका साथ भाग लिने गर्छन् ।

–नुवाकोटको तारूका गाउँमा गोरुको लडाइँ

प्रत्येक वर्ष माघे सङ्क्रान्तिको अवसरमा नुवाकोटको तारूका गाउँले गोरुको लडाइँ आयोजना गर्ने गरेको छ। आजको दिन मर्ने व्यक्तिले विनापीडा सीधै स्वर्ग जाने र पुनर्जन्म पाउने सुन्दा पनि अचम्म लाग्ने जनविश्वास रहेको छ।

यस पर्वमा स्थानीय बासिन्दाको भीडमा माघे सङ्क्रान्तिको महान् पर्व मनाइन्छ । नुवाकोटको तारुका गाउँमा सहभागी गोरुहरूलाई लडाइँ अघि राम्ररी तयार गरिन्छ र ठूलो भीडले उत्साहपूर्वक साढेको लडाइँ अवलोकन गर्ने गर्छन् । यो बुलफाइटिंग उत्सव १८ औं शताब्दीको अन्तमा देखा परेको मानिन्छ । यो दुई शताब्दीभन्दा लामो साँढेको लडाइँको अभ्यास अत्यधिक प्रशंसनीय छ किनभने यो उत्सव वार्षिक पशु खेलको रूपमा मनाइन्छ। यो गोरुहरूको लडाइँ गराउने उत्सवलाई हामीले अन्तर्राष्ट्रियकरण गर्न सकेमा कत्ती राम्रो हुने थियो होला । नेपालमा माघे सङ्क्रान्ति नेपालको पहाडी क्षेत्रमा पनि धुमधामले मनाइन्छ ।

नेपाल, जीवनमा एकपटक घुम्नैपर्ने देशमध्ये एक हो। प्रकृतिको रसास्वादन गर्ने अनुपमा स्थान हो नेपाल । यहाँ धेरै ठाउँ, दर्शनीयस्थल र गतिविधि हुन्छन् जुन धेरै आकर्षक, प्राचीन, ऐतिहासिक र साहसिक छन् । कोही पनि यसबाट मन्त्रमुग्ध नभई रहन सक्दैन । हामी विभिन्न संस्कृति, सम्पदा र सामाजिक सद्भावहरू फेला पार्न सक्छौं जुन संसारभर प्रसिद्ध छ ।

नेपालका मानिसहरू सबैभन्दा वफादार र सहयोगी पाइन्छन्। उनीहरूमा आतिथ्यताको भावना हुन्छ । विभिन्न जातका मानिसहरू भए पनि सहयोग गर्न सधैं अघि सर्छन् ।

**नेपालमा माघे सङ्क्रान्तिका भोजहरूः**

कालो चना र मसलासहितको चामलले बनेको खिचडी माघे सङ्क्रान्तिको प्रमुख परिकार हो । विवाहित छोरीहरूलाई आमाबाबुले आमन्त्रित गरेर परिवारको कल्याणको लागि भोजको आयोजना गर्छन् । ब्राह्मण र क्षत्री परिवारमा छोरीको ठूलो महत्त्व हुन्छ। कतिपयले माघ महीनाभरि मासु खाँदैनन्। हुनत इन्डो–आर्यन समुदायमा प्रायः शाकाहारी भोज नै लोकप्रिय हुन्छ ।

नेवार समुदायले यो पर्वलाई घ्यो चाकु र सन्ल्हु नामले मनाउने गर्छन्। नेवार समुदायमा यो पर्व परिवारमा दिवङ्गत आत्माको सम्झना र आफ्ना प्रियजनसँग समय बिताउने अवसरका रूपमा लिइन्छ। माघे सङ्क्रान्ति पर्वलाई कहिलेकाहीं उत्तरायण पनि भनिन्छ । यस समयमा सूर्यको गति उत्तरी भागतर्फ आउन शुरू हुन्छ। त्यसैले उत्तरायणको नामले पनि प्रचलित छ। नेपालका केही भागमा माघे सङ्क्रान्ति मकर सङ्क्रान्तिको नामले पनि प्रचलित छ। मकर एउटा राशि हो । सूर्य मकर राशिमा प्रवेश गर्ने विश्वास लिइन्छ जसले जाडोको अन्त्य र तापमानमा केही वृद्धिसँगै लामो दिनको शुरूआत हुन्छ ।

सङ्क्रान्ति, धार्मिक महाकाव्य अनुसार एक देवता हुन् । सङ्क्रान्तिमा शङ्करासुर नामक राक्षसलाई मारेको किंबदन्ती छ, त्यसैले मकर सङ्क्रान्तिको भोलिपल्टलाई करिदिन वा किंक्रांत भनिन्छ। देवीले दुष्ट किंकरासुरको वध गरेको दिन मानिन्छ। यो दुष्ट शक्तिमाथि विजय प्राप्त गर्ने पर्व पनि हो र यस दिन मानिसहरूले नयाँ योजनाको सङ्कल्प गर्नाका साथै दानवी बानी छाड्ने सङ्कल्प गर्छन् ।

पर्सा जिल्लाको कुरा गर्ने हो भने यसपाली २६४८ औं माघी थारू समुदायले नयाँ वर्षको रूपमा पर्सा जिल्लाको पाँच ठाउँमा धुमधामसँग मनाउने तयारी गरेको छ। वीरगंजको आदर्शनगरस्थित मैदानमा मनाउने जानकारी मूल माघी समारोहका प्रणेता शेखर चौधरीले दिएका छन्। घण्टाघरबाट झाँकीसहित र्‍याली निकाल्ने र रक्तदानको कार्यक्रम आयोजना गर्ने निधो गरिएको छ । त्यसैगरी पटेर्वासुगौली, जीराभवानी, पर्सागढी नगरपालिकाको बढनियार, सखुवापरसौनी आदि ठाउँका थारूहरूले भव्यरूपमा माघी मनाउने तयारी गरेका छन् ।

# देवघाटमा स्नान गर्न भक्तजनको घुइँचो

चितवन, १ माघ/रासस

पवित्र तीर्थस्थल देवघाटमा माघे सङ्क्रान्तिमा स्नान गर्न आउने भक्तजनको घुइँचो लागेको छ । आइतवार बिहान फर्किएका थिए। सुरक्षाका लागि सशस्त्र प्रहरीको गोताखोरसहितको टोली परिचालन गरिएको थियो ।

देवघाट क्षेत्र विकास समितिले ‘भविष्य पुराण’, ‘विष्णुवचन’ तथा ‘धर्मसिन्धु’ नामक ग्रन्थमा यस दिन पवित्र तीर्थस्थलमा स्नान गरी घ्यू, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको निर्माणका लागि भित्तो काट्ने काम भइरहेकाले दिउँसो सवारीसाधन रोकी काम गरिँदै आएको थियो। देवघाटमा भारतलगायत तेस्रो मुलुकबाट समेत



देवघाटधाममा मकर सङ्क्रान्ति स्नानः धार्मिक तीर्थस्थल त्रिशूली र कालीगण्डकी नदीको सङ्गमस्थल तनहुँको देवघाटधाममा मकर सङ्क्रान्तिको दिन सोमवार पूजा तथा गङ्गा स्नान गर्दै तीर्थालु भक्तजन। तस्बिरः मिला दरै/रासस

बेनीमा बाँसको लिङ्गो गाडेर माघे सङ्क्रान्ति मेलाको शुभारम्भ गरिएको थियो। त्यसपछि क्रमशः भक्तजन आउने क्रम शुरू भएको हो ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालका अनुसार रातभर जाग्राम बस्ने भक्तजनले देवघाटको नदी तटीय क्षेत्र भरिएको थियो। कतिपय भक्तजन स्नान गरेर विभिन्न समिति बनाएर काम गरेको थियो । शास्त्र अनुसार सौरमासको हिसाबले माघे सङ्क्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई ‘मकर सङ्क्रान्ति’ भनिएको हो। आजदेखि सूर्य दक्षिणी गोलार्द्धबाट उत्तरी गोलार्द्धतर्फ प्रवेश गर्ने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ। भाँडो र मकलसहितको सिधा दान गरेमा विशेष फल प्राप्त हुने तथा उक्त पदार्थ आफूले खाएमा शरीर पोषिलो हुनाका साथै निरोगी भइने जनविश्वास छ ।

माघे सङ्क्रान्ति मेलाको अवसरमा आइतवार र आज नारायणगढ–मुग्लिन सडकखण्डसमेत निर्बाधरूपमा सञ्चालनमा ल्याइएको थियो । पुल भक्तजन स्नानका लागि आउने गर्छन् ।

विगतका वर्षभन्दा यस वर्ष भक्तजनको सङ्ख्या बढी हुने अपेक्षा गरिएको थियो। समितिले पाँच लाखभन्दा बढी भक्तजन आउने जनाएको थियो । अधिकांश भक्तजन नदीमा स्नान गर्ने भएकाले गहिरो ठाउँमा नजान आह्वान गर्दै डोरी टाँगेर स्नान गर्ने क्षेत्र छुटयाइएको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# चिचर र घोगी घरबासका पहिचान

नवलपुरका घरबास (होमस्टे)मा आउने पर्यटकलाई चिचर (अनदीको चामल पानीको बाफले उसिनेर पकाएको परिकार), घोगी र माछाका परिकारले आकर्षित गरेको छ। घरबास सञ्चालकले चिचर, घोगी र माछाका परिकारले नै उनीहरूको स्वागत गर्ने गरेका छन्। चिचर, घोगी र माछा अब यहाँको थारु समुदायले सञ्चालन गरेका घरबासको पहिचान बनेको छ।

नवलपुरमा सञ्चालित अमलटारी, चिलाहा रतवल, पिप्रहर, शिसवार माझी मुसहर सामुदायिक घरबासलगायतका घरबासमा आउने पाहुनाले स्थानीय परिकारमा चिचर, घोगी र माछाका परिकार नै रोज्ने गरेका पाइएको छ। “हाम्रो घरबासमा आउने पाहुना आफैंले चिचर खोज्नुहुन्छ, हामीले दैनिकजसो चिचर पकाउने गरेका छौं,” अमलटारी सामुदायिक घरबासका सञ्चालक नरबहादुर महतोले भने, “थारू समुदायले खाने परिकार हिजोआज पर्यटकको रोजाइ बनेका छन्।”

चिचरसँगै नुमैचा (भुटेर तयार पारिएको नून खुर्सानीको धुलो)समेत घरबासमा आउने पाहुनाको रोजाइमा पर्ने गरेको महतोले बताए। घरबासमा पर्यटकलाई बिहानको खाजामा सधैंजसो चिचर, नुमैचा र माछा पस्किने गरिएको छ।

“अमलटारी घरबास भन्ने बित्तिकै पाहुना चिचर, घोगी र माछा सम्झिन्छन्,” अमलटारी घरबासका अध्यक्ष प्रेमशङ्कर मर्दनिया थारूले भने। थारू समुदायको प्रचलित परिकार घरबासको समेत पहिचान बनेको उनले बताए। नेपाल घरबास एशोसिएशनका केन्द्रीय अध्यक्षसमेत रहेका मर्दनिया थारूका अनुसार स्थानीय परिकारको संरक्षण र बजारीकरणमा घरबासले सहयोग पुऱ्याएको छ। साथै ती घरबासलाई स्थानीय परिकारले समेत चिनाउन भूमिका निर्वाह गरेको छ।

“घरबासले स्थानीय रहनसहन र खानपानलाई बजारीकरण त गऱ्यो नै, बजारीकरणकै क्रममा नवलपुरका घरबासको पहिचान चिचर, घोगी र माछा बन्यो,” मर्दनियाले भने, “घरबासलाई थारू परिकारले समेत चिनाएको छ।”

चिलाहा रतवल घरबासका अध्यक्ष नन्दप्रसाद महतोका अनुसार घरबासमा आउने सबैजसो पर्यटकले स्वादका लागि समेत नयाँ परिकार मानेर चिचर खाने गरेका छन्। थारू समुदायले सञ्चालन गरेका घरबासमा मात्रै प्रायः चिचर, नुमैचा, घोगीजस्ता परिकार पाइने हुँदा अन्यत्रबाट आउने पाहुनाका लागि फरक स्वाद हुने उनले बताए।

“थारू समुदायले मात्रै विशेषरूपमा पकाउने परिकार भएकाले अन्यत्र सजिलै पाइँदैन, धेरैका लागि नयाँ परिकार हुन्छ, हामीले त्यही नयाँ स्वाद पाहुनालाई पस्किन्छौं,” अध्यक्ष महतोले भने। घरबासमा चिचर, घोगी, माछासँगै सोझ्वा रोटी, गुन्द्रुकको चटनी, स्थानीय हाँस, कुखुराको मासुलगायतका परिकार तयार पार्ने गरिएको उनले बताए।

अमलटारी घरबासमा मकवानपुरबाट आएका चिरञ्जीवी अर्यालले चिचर नौलो परिकार लागेको बताए। हेर्दा भातजस्तै भएपनि विशेषरूपले पकाएकाले फरक लागेको उनले बताए। “चिचरसँगै माछा र घोगी मिसाएर खाँदा फरक स्वाद लाग्यो,” अर्यालले भने।

थारू समुदायले पहिला तागत दिने खानाका रूपमा चिचर खाने गरेको थारू समुदायका अगुवा एवं कावासोती–१४ का अध्यक्ष तुलसीराम थारूले बताए। अनदीको चामलबाट तयार पारिने हुँदा पोषिलो हुने र यसले शरीरमा तागत दिने, जीउ दुखेको सन्चो गराउने भएकाले चिचर खाने गरिएको उनले बताए।

“पहिले पहिले बढी श्रममूलक काम गर्नुपर्ने हुँदा आडिलो भोजनको रूपमा साथै जीउ दुखेको सन्चो हुन्छ भनेर अनदीको चामल उसिनेर खाने गरिन्थ्यो,” अध्यक्ष महतोले भने।

शरीरमा ऊर्जा बढाउने हुँदासमेत जाडो मौसममा चिचर खाने चलन रहेकामा अहिले अन्य समयमा समेत चिचर खाने गरिएको छ। मुख्यगरी माघी पर्वमा अघिल्लो दिन पकाउने र माघ १ गते यो परिकार खाने गरिएको छ। यसलाई पुसको अन्तिम दिन पकाउने तथा केराको पातमा डल्लो पारेर परालले बाँधेर धानको भुसको मन्द आगोमा राख्ने गरिन्छ। अनि माघीको दिन चिचर निकालेर खाने गरिन्छ। रासस



चिचर (अनदीको चामल पानीको बाफले उसिनेर पकाएको परिकार) बनाउँदै महिला।



**गोरु जुधाइः** माघे सङ्क्रान्तिको दिन सोमवार धादिङको नीलकण्ठ नगरपालिका–१४ धुवाकोटको भङ्रेरीमा जुधाइएको गोरु। रसुवा, नुवाकोट र धादिङ तीनै जिल्लामा गोरु जुधाउने यो परम्परा नेपाल र तिब्बतबीचको भोट सन्धी १९४९ सँग जोडिएको छ। तस्बिरः शङ्कर श्रेष्ठ/रासस

# बजेट अर्धवार्षिक समीक्षा

## आम्दानी ५१८ अर्ब, खर्च ५६६ अर्ब

काठमाडौं, १ माघ/रासस

आर्थिक वर्ष २०८०–८१ को अर्धवार्षिक समीक्षा अवधिमा सरकार को आम्दानीभन्दा खर्च बढी भएको देखिएको छ। पुस मसान्तसम्म मुलुकले रु ४८ अर्ब ४६ करोड ५७ लाख बराबर बजेट घाटा बेहोरेको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार बजेटको अर्धवार्षिक समीक्षा अवधिमा वार्षिक लक्ष्यको ३५.१९ प्रतिशत आम्दानी र ३२.३५ प्रतिशत खर्च भएको छ।

चालु आवका लागि सरकारले कुल रु १४,७२,४८,४७ लाख बराबर राजस्व उठाउने लक्ष्य लिएको छ। कार्यालयको तथ्याङ्क अनुसार पुस मसान्तसम्म रु ५,१८,१५,५६ लाख बराबर राजस्व असुली भएको छ। यो वार्षिक लक्ष्यको ३५.१९ प्रतिशत बराबर हो। छ महिनामा कर राजस्वतर्फ ३३.९८ प्रतिशत अर्थात् रु चार खर्ब ४३ अर्ब ५५ करोड २० लाख उठेको छ। गैरकरतर्फ वार्षिक लक्ष्यको ४५.२३ प्रतिशत अर्थात् रु ५२ अर्ब ९४ करोड ७८ लाख बराबर असुली भएको छ।

चालु आवका लागि कुल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखिएकोमा हालसम्म ५.५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान लिइएको छ। चालु आवका लागि कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको वार्षिक बजेट रहेकोमा पुस मसान्तसम्म रु पाँच खर्ब ६६ अर्ब ६२ करोड १३ लाख खर्च भएको छ। यो वार्षिक लक्ष्यको ३२.३५ प्रतिशत बराबर हो। चालुगत शीर्षकमा कुल रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर बजेट छुट्याइएकोमा ३८.३१ प्रतिशत अर्थात् रु चार खर्ब ३७ अर्ब ३८ करोड १२ लाख खर्च भएको छ। चालु शीर्षकमा हालसम्म भएको खर्च वार्षिक लक्ष्यको ३८.३१ प्रतिशत हो।

त्यसैगरी, पूँजीगत खर्च शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर छुट्याइएकोमा १६.३ प्रतिशत अर्थात् रु ४९ अर्ब २३ करोड ५८ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्थामा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर बजेट विनियोजन भएकामा २६.२ प्रतिशत अर्थात् रु ८० अर्ब ४३ लाख बराबर खर्च भएको छ।

# वर्षा र हिमपातको सम्भावना

काठमाडौं, १ माघ/रासस

नेपालमा हाल पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। साथै बङ्गलादेशको दक्षिण भूभाग आसपास रहेको न्यून चापीय प्रणालीको समेत आंशिक प्रभाव छ। यही कारण हल्का वर्षा र हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।



महाशाखाका अनुसार अहिले पहाडी भूभागमा आंशिक बदली रहनुका साथै तराईका अधिकांश स्थानमा हुस्सु/कुहिरो लागेको छ। दिउँसो पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहने छ।

कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का वर्षाको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भेगका एक–दुई स्थानमा हल्का हिमपातको सम्भावना छ।

रातिको समयमा पनि कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भूभागका एक–दुई स्थानमा हल्का वर्षा तथा हल्का हिमपातको सम्भावना छ।

# स्वास्थ्य बीमा गरेकाले १० प्रतिशत रकम मात्र तिर्नुपर्ने

काठमाडौं, १ माघ/रासस

सोमवारदेखि स्वास्थ्य बीमा बोर्डले बीमा कार्यक्रम अन्तर्गत उपचार गर्ने बीमितले उपचार खर्चबापत १० प्रतिशत रकम (सहभुक्तानी) तिर्नुपर्ने हुन्छ।

बोर्डले आजदेखि स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा उपभोग गरेबापत लाग्ने खर्चको १० प्रतिशत रकम बीमित बिरामीले आफैंले तिर्नुपर्ने बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौंलाले जानकारी दिए।

यसअघि बोर्डमा आबद्ध भएकाले कुनै पनि बीमितले उपचार गरेबापत खर्च तिर्नुपर्दैनथ्यो। पाँचजना परिवारसम्म सदस्य भएका परिवारले वार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरी एक लाखसम्मको सुविधा लिन सक्ने व्यवस्था रहेको छ। उनले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणका रूपमा सहभुक्तानी प्रणाली लागू गरिएको बताए।

“बीमितले अनावश्यकरूपमा चिकित्सकलाई दबाव दिएर स्वास्थ्य परीक्षण गराउन थाले,” उनले भने, “त्यसलाई निरुत्साहित गर्नका लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौं।” उनका अनुसार प्राथमिक स्वास्थ्य केन्द्र र २५ शय्यासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्नुपर्दैन।

सहभुक्तानी प्रणाली सङ्घीय अस्पताल, २५ शय्याभन्दा माथिका प्रादेशिक अस्पताल र सबै निजी तथा


(बाँकी पाँचौं पातामा)

# माल्दिभ्स सानो देश भएपनि भारत उसको हरेक आक्रोशमा किन मौन ?

माल्दिभ्स एउटा सानो टापु देश हो। यसको क्षेत्रफल मात्र ३०० वर्ग किलोमिटर छ।

यदि हामीले क्षेत्रफलको हिसाबले तुलना गर्ने हो भने दिल्ली माल्दिभ्सभन्दा करीब पाँच गुणा ठूलो छ।

माल्दिभ्स करीब १२०० साना टापुहरूको समूह हो। माल्दिभ्सको कुल जनसङ्ख्या ५.२१ लाख छ।




माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी।

यो पनि भनिन्छ कि माल्दिभ्स विश्वमा भौगोलिकरूपमा सबैभन्दा बढी छरिएको देश हो। माल्दिभ्सभित्र पनि पानीजहाजबाट अर्को टापुमा पुग्न सकिन्छ।

धेरैले यी तथ्यलाई उद्धृत गर्दै भनेका छन् कि यसको बावजूद पनि माल्दिभ्सले भारतलाई समयसीमा दिइरहेको छ।

भारतका प्रसिद्ध रणनीतिक मामिला विशेषज्ञ ब्रह्मा चेल्लानीले ट्विटरमा लेखेका छन्, “हिन्द महासागरको देश माल्दिभ्समा साढे पाँच लाख मानिस बस्छन्। तर इस्लामिक झुकाव भएका नयाँ चीन समर्थक राष्ट्रपति आफ्नो बेइजिङ भ्रमणबाट यति धेरै साहस जुटाउन सक्षम भएका छन् कि उनले भारतलाई समयसीमा दिएर भारतबारे आक्रामक बयान दिइरहेका छन् ताकि माल्दिभ्सलाई चीनबाट उपहार दिइएका हेलिकप्टरको मर्मतसम्भारका लागि त्यहाँ उपस्थित केही दर्जन सैनिकलाई भारत पठाउन सकियोस्।”

**माल्दिभ्स किन यति महत्त्वपूर्ण छ ?**

गत हप्ता मात्रै माल्दिभ्सका नवनियुक्त राष्ट्रपति मोहम्मद मुइज्जु पाँच दिने चीन भ्रमणबाट फर्किएका थिए।

फर्किएपछि मोहम्मद मुइज्जुले राजधानी मालेमा माल्दिभ्स सानो भएपनि यसलाई कुनै पनि देशले धम्की दिने इजाजत नभएको बताए। मुइज्जुले भारतको नाम नलिएर भारततर्फ इशारा गरेको बताइएको छ।




हिन्द महासागरस्थित माल्दिभ्सनजीकैको समुद्री मार्ग।

माल्दिभ्सको प्रतिक्रियामा भारत सरकारबाट कुनै कडा सार्वजनिक प्रतिक्रिया आएको छैन। तर मुइज्जु सरकार आफ्नो सुरमा छ।

माल्दिभ्सले भारतलाई मार्च १५ सम्म आफ्नो सेना फिर्ता गर्न समयसीमा दिएको छ। यस्तो अवस्थामा भारतले माल्दिभ्सको आक्रोश किन चुपचाप सुनिरहेको छ ?

के माल्दिभ्स भारतको लागि यत्तिको महत्त्वपूर्ण छ कि उसको आक्रामक भनाइलाई पनि सहनु उचित हुन्छ ?

जहाँ माल्दिभ्स अवस्थित छ, यसले विशेष बनाउँछ। हिन्द महासागरका प्रमुख समुद्री मार्गहरूनजीकै माल्दिभ्स अवस्थित छ।

हिन्द महासागरका यी मार्गहरूबाट अन्तर्राष्ट्रिय व्यापार हुन्छ। यसै मार्गबाट खाडी मुलुकबाट भारतमा ऊर्जा आपूर्ति हुने गरेको छ। यस्तो अवस्थामा भारतको माल्दिभ्ससँगको कमजोर सम्बन्धलाई कुनै पनि हिसाबले उचित मानिँदैन।

अहिले माल्दिभ्सको प्रतिपक्ष भारतको साथमा रहेको भनिएको छ, तर भारतको आक्रामक बयानबाट त्यहाँका आम जनता आक्रोशित भएमा प्रतिपक्षलाई पनि मनाउन सजिलो हुनेछैन। यस्तो अवस्थामा सरकार र प्रतिपक्ष दुवैमा चीनको उपस्थिति बढ्नेछ।

माल्दिभ्स मुस्लिम बाहुल्य देश हो। भारतमा हुने साम्प्रदायिक विवादको असर त्यहाँ पनि परेको छ। नुपुर शर्मा प्रकरणमा माल्दिभ्सबाट पनि प्रतिक्रिया आएको थियो। इन्टरनेटको युगमा घरेलु राजनीतिक विवादहरू सीमाभन्दा बाहिर जान्छन्।

**हिन्द महासागरमा बढ्दो प्रतिस्पर्धा**

पछिल्ला दशकहरूमा हिन्द महासागरमा आर्थिक र सैन्य गतिविधिहरूमा प्रतिस्पर्धा बढेको छ।

चीनले हिन्द महासागरमा आफ्नो उपस्थिति बढाइरहेको छ। यस्तो अवस्थामा माल्दिभ्सले साथ दिएमा चीनलाई खुट्टा जमाउन थप सहयोग मिल्नेछ।

माल्दिभ्सको वर्तमान मुइज्जु सरकार खुलेर चीनसँग रहेको छ। मुइज्जुले चुनाव जित्दा माल्दिभ्समा चीन समर्थक उम्मेदवारले जीत हासिल गरेको शीर्षकको समाचार प्रकाशित भएको थियो।

माल्दिभ्सले जुलाई २०१५ मा आफ्नो संविधान संशोधन गरेको थियो। यस अन्तर्गत विदेशी स्वामित्वका जग्गा अधिग्रहण गर्न अनुमति दिइएको थियो। यसपछि चीनले माल्दिभ्समा रणनीतिक आधारहरू विकास गर्ने अनुमानहरू तीव्र भए।

भारतका विदेशमन्त्री एस जयशङ्कर गत शनिवार नागपुरको मन्थन टाउनहलमा बोल्दै थिए। यस क्रममा जब उनलाई माल्दिभ्ससँग बिग्रिएको सम्बन्धको बारेमा सोधिएकोमा उनले भने, “राजनीति भनेको राजनीति हो। म ग्यारेन्टी दिन सक्दिनँ कि हरेक देश, हरेक दिन, हरेक व्यक्तिले हामीलाई समर्थन गर्नेछ वा हामीसँग सहमत हुनेछ। हामीले अझ राम्रो गर्ने प्रयास गरेका छौं र पछिल्लो १० वर्षमा सफल भएका छौं। हामीले धेरै अवस्थामा बलियो सम्पर्क स्थापित गरेका छौं। राजनीतिमा उथलपुथल हुन्छ तर त्यहाँका आम जनताको भारतप्रति राम्रो धारणा छ र उनीहरूलाई भारतसँग राम्रो सम्बन्धको महत्त्व थाहा छ।

**के भन्छन् विज्ञहरू ?**

भारतका पूर्वकूटनीतिज्ञहरूले पनि मुइज्जु सरकारको आक्रोशलाई ढुङ्गाले जवाफ दिनुभन्दा बुद्धिमानीपूर्वक काम गर्न सल्लाह दिइरहेका छन्।

पूर्व भारतीय कूटनीतिज्ञ राकेश सूदले अङ्ग्रेजी पत्रिका द हिन्दूलाई भने, “मुइज्जुले आफ्नो राजनीति गरिरहेका छन् र त्यसबाट फाइदा पनि लिन चाहन्छन्। उनले जानाजानी भड्काउ बयान दिइरहेका छन् तर जस्तोलाई त्यस्तै जवाफ दिने अवस्था भारतको लागि राम्रो छैन। माल्दिभ्सलाई सामाजिक-आर्थिक दृष्टिकोणबाट भारतको महत्त्व बुझाउनु भारतको लागि सही हुनेछ।”

इब्राहिम सोलिहको सरकारमा माल्दिभ्सको सार्वभौमसत्ता र स्वतन्त्रतामा सम्झौता भएको मुइज्जुको विश्वास छ।

इब्राहिम सोलिहको सरकारलाई भारत समर्थक भनियो। मुइज्जुले माल्दिभ्समा भारतीय सेनाको उपस्थितिको विरुद्धमा बोल्दै आएका छन् र अब राष्ट्रपति बनेपछि उनीहरूलाई हटाउने समयसीमा दिएका छन्। चुनावी अभियानमा उनले ‘इन्डिया आउट’ अभियान पनि चलाएका थिए।

प्रगतिशील गठबन्धन, जसको मुइज्जु नेता हुन्, इब्राहिम सोलिहको सरकारको समयमा भारतसँग हस्ताक्षर गरिएका तीनवटा रक्षा सम्झौता माल्दिभ्सको सार्वभौमसत्ताविरुद्ध थियो भन्ने विश्वास गर्छ।

मुइज्जु सरकारले माल्दिभ्सलाई यी तीनवटा सम्झौताबाट अलग गरेको छ। जब सोलिह सरकारले सन् २०२१ मा भारतसँग उथुरू थिला फलाहु (UTF) सम्झौतामा हस्ताक्षर गऱ्यो, विपक्षीहरू थप आक्रामक भए। यो एक रक्षा सम्झौता थियो, जस अन्तर्गत नेशनल डिफेन्स फोर्स कोस्ट गार्ड हार्पर संयुक्तरूपमा सिर्जना गरिएको थियो।

**राष्ट्रपति चुनावमा भारत विरोधी अभियान**

गत वर्ष माल्दिभ्समा राष्ट्रपतिको चुनाव भएको थियो र भारतविरोधी अभियान एक लोकप्रिय मुद्दा बनेको थियो।

केही महीनाभित्रै मोहम्मद मुइज्जु विपक्षी दलको संयुक्त उम्मेदवारको रूपमा उभिए किनभने पूर्वराष्ट्रपति यामीन विभिन्न मुद्दाका कारण चुनावमा भाग लिन सकेनन्।

राष्ट्रपति हुनुअघि मुइज्जु माल्दिभ्सको राजधानी मालेका मेयर थिए। इब्राहिम सोलिहले आफ्नो विदेश नीतिमा भारतलाई महत्त्व दिँदै ‘इन्डिया फर्स्ट’ नीति अपनाएका थिए। सोलिहको नेतृत्वमा माल्दिभ्स र भारतबीच धेरै रक्षा र आर्थिक सम्झौतामा हस्ताक्षर भएका थिए।

मुइज्जु राष्ट्रपति बनेलगत्तै उनले आफ्नो विदेश नीतिमा भारतसँग दूरी कायम राख्नुलाई प्राथमिकता दिएको सङ्केत गरे। उनको पहिलो विदेश भ्रमण टर्की थियो। मुइज्जुले परम्परा तोडेका थिए किनभने यसअघि माल्दिभ्सका नयाँ राष्ट्रपतिको पहिलो विदेश भ्रमण भारत हुने गर्थ्यो।

टर्कीपछि मुइज्जु युएई गए र हालसालै चीनबाट माल्दिभ्स फर्किए। मुइज्जुले चीनलाई महत्त्वपूर्ण साझेदारको रूपमा वर्णन गर्दै धेरै महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर गरेका छन्।

शपथ ग्रहणपछि राष्ट्रका नाममा आफ्नो पहिलो सम्बोधनमा मुइज्जुले माल्दिभ्सबाट भारतीय सेना फिर्ता गर्ने कुरा दोहोऱ्याए। उनले आफ्नो सरकारको लागि देशको स्वाधीनता र सार्वभौमसत्ता बढी महत्त्वपूर्ण भएको बताए।

सन् २०१९ मा माल्दिभ्सको सामुद्रिक क्षेत्रमा सर्वेक्षण गर्ने सम्बन्धमा भारतसँग सम्झौता भएको थियो, जुन मुइज्जुको सरकारले अन्त्य गरेको थियो। इब्राहिम सोलिहको अध्यक्षतामा प्रधानमन्त्री मोदीले माल्दिभ्सको भ्रमण गर्दा हाइड्रोग्राफिक सर्भेइङसम्बन्धी एमओयूमा हस्ताक्षर भएको थियो।

यसको उद्देश्य समुद्री सुरक्षामा सहयोग बढाउनु थियो। सोलिह सरकार पनि यो सम्झौतालाई लिएर विपक्षीको निशानामा थियो। गत डिसेम्बरमा मुइज्जु सरकारले घोषणा गऱ्यो कि सम्झौता अब अगाडि बढ्नेछैन।

यी सम्झौताहरूबाट अलग हुनुलाई मुइज्जुको चीनसँग बढ्दो निकटताको रूपमा हेरिएको छ। सोलिह सरकारको समयमा माल्दिभ्सका रक्षा क्षेत्रमा भारतको जुन बढ्त थियो, अहिले चीनमा सरेको बताइएको छ। (स्रोत: बिबिसी हिन्दी)

## फरक समाचार

### खुर्सानीले खतरनाक रोगबाट बचाउन सक्छ

खुर्सानीलाई खानाको स्वाद बढाउन प्रयोग गरिन्छ। धेरैलाई हरियो खुर्सानी खान मनपर्छ भने कतिपयले रातो खुर्सानीको सेवन गर्छन्। धेरै प्रकारका खुर्सानीहरू छन् र मानिसहरूले तिनीहरूलाई आफ्नो इच्छा अनुसार प्रयोग गर्छन्।

यदि तपाईं पनि खुर्सानी खान मन पराउनुहुन्छ भने तपाईंको लागि खुशीको खबर छ। खुर्सानीको सेवनले हृदयघात र स्ट्रोकको जोखिम कम गर्छ। इटालीमा गरिएको एक अध्ययनबाट यो कुरा बाहिर आएको हो। खुर्सानीलाई मुटुको स्वास्थ्यको लागि निकै फाइदाजनक मानिएको छ। मानिसको मुटुलाई स्वस्थ राख्न खुर्सानीको सेवन थोरै मात्रामा गर्नुपर्छ। खुर्सानी नखाने व्यक्तिले पनि खुर्सानी खान शुरू गर्नुपर्छ। यसबाट उनीहरूले धेरै फाइदा लिन



सक्छन्।

यो अध्ययन सन् २०१९ मा अमेरिकन कलेज अफ कार्डियोलोजीको जर्नलमा प्रकाशित भएको थियो। इटालियाली अनुसन्धानकर्ताहरूले वर्षौंसम्म अनुसन्धान गरेपछि खुर्सानी नखाने मानिसको तुलनामा हप्ताको चार दिन खुर्सानी खाने मानिसमा हृदयघातको जोखिम ४० प्रतिशतले कम हुने बताएका थिए। खुर्सानी सेवनले मस्तिष्कघातको जोखिम पनि धेरै हदसम्म कम गर्न सकिन्छ। यस अनुसन्धानमा दक्षिणी इटालीका करीब २५,००० मानिसलाई समावेश गरिएको थियो। वर्षौंसम्म तथ्याङ्क सङ्कलन गरेपछि अनुसन्धान विज्ञहरूले अध्ययनको नतीजा सार्वजनिक गरे, जसमा चकित पार्ने खुलासाहरू थिए। आयुर्वेदमा खुर्सानी सेवनलाई स्वास्थ्यको लागि फाइदाजनक मानिन्छ र यसलाई खानामा प्रयोग गरिन्छ।

आकाश अस्पताल, द्वारका, दिल्लीकी आहारविज्ञ पूनम दुनेजाका अनुसार रातो, पहेंलो र हरियो खुर्सानी मुटुको स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ। यी खुर्सानी एन्टिअक्सिडेन्ट र भिटामिन सीका राम्रा स्रोत हुन्, जसले शरीरबाट ‘फ्री रेडिकल’हरू हटाउन मदत गर्छन्। यी फ्री रेडिकलहरूले हृदयरोग निम्त्याउन सक्छ। मुटुरोगका बिरामीलाई खुर्सानी खाने सल्लाह दिइन्छ। खुर्सानीमा मिनरल्स, पोटाशियम, फाइबर र फोलिक एसिड प्रचुर मात्रामा पाइन्छ, जसले स्वास्थ्यलाई धेरै अचम्मको फाइदा पुऱ्याउँछ। तर एसिडिटी, पायल्सका समस्या भएका व्यक्तिले खुर्सानीको सेवन गर्नुहुँदैन। पित्तथैली निकालिएको व्यक्तिले पनि खुर्सानी खानुहुँदैन।

### उच्च रक्तचाप रोगीका लागि लसुन रामबाण औषधि

जाडो मौसममा लसुन खानु निकै फाइदाजनक हुन्छ। यसले शरीरलाई चीसोबाट जोगाउन मदत गर्छ र धेरै रोगबाट छुटकारा दिन्छ। आयुर्वेदमा लसुनलाई शरीरको लागि वरदान मानिन्छ।

यसको उचित सेवनले रक्तचाप र कोलेस्ट्रोलको समस्याबाट धेरै हदसम्म राहत मिल्छ। आयुर्वेदिक चिकित्सकहरूका अनुसार लसुनले तातो प्रभाव पार्छ र यसले रुघाखोकीलगायत मौसमी फ्लूबाट बचाउन मदत गर्छ। लसुन जाडोमा स्वास्थ्यको लागि औषधिभन्दा पनि बढी प्रभावकारी हुन सक्छ भन्ने तथ्य थाहा पाउँदा तपाईं छक्क पर्नुहुनेछ। मानिसले हरेक मौसममा थोरै लसुन खानुपर्छ। गर्मीमा यसको मात्रा घटाउन सकिन्छ भने जाडोमा बढाउन सकिन्छ।

अलिगढ आयुर्वेदिक मेडिकल कलेजका एशोसिएट प्रोफेसर डा सरोज गौतमका अनुसार लसुनमा धेरै औषधीय गुण छन्, जसले उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल



र मधुमेहका बिरामीहरूलाई राहत दिन्छ। लसुन तौल घटाउन पनि उपयोगी मानिन्छ। जाडोमा शरीरको मेटाबोलिज्म सुस्त हुन्छ र यस्तो अवस्थामा लसुनले पाचन प्रणालीलाई राम्रो बनाउन प्रभावकारी हुन्छ। लसुन तरकारीमा थप्न सकिन्छ, भुटेको वा काँचो खान सकिन्छ। यदि तपाईं यसरी खान सक्नुहुन्न भने लसुनको अचार बनाएर खान सक्नुहुन्छ। यसले तपाईंको स्वास्थ्यमा धेरै ठूला फाइदा प्रदान गर्न सक्छ।

डा सरोज गौतमका अनुसार उच्च रक्तचापका बिरामीले लसुनलाई औषधिको रूपमा लिन सक्छन्। यसको लागि काँचो लसुनका तीन/चार वटा पोटीलाई मसिनो काटेर बिहान खाली पेटमा मनतातो पानीले निल्नुपर्छ। यदि तपाईं चपाउन सक्नुहुन्छ भने, लसुन चबाएर खानुहोस्। यसो गर्दा तपाईंको रक्तचाप दिनभर नियन्त्रणमा रहन्छ र केही हप्तामैं यो सामान्य हुन थाल्छ। खाली पेटमा काँचो लसुन खान नसक्नेले लसुनलाई महमा मिसाएर वा आगोमा पोलेर पनि खान सक्छन्। तर कम रक्तचापको समस्या भएका मानिसहरूले लसुन खानुहुँदैन। यस्ता व्यक्तिले थोरै मात्रामा वा चिकित्सकको सल्लाह लिएर मात्र लसुनको सेवन गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# राष्ट्रव्यापी पदयात्रा इम्फाल वेस्टबाट शुरू

नयाँ दिल्ली, १ माघ/सिन्ह्वा

भारतको प्रमुख प्रतिपक्षी दल भारतीय काङ्ग्रेसले सन् २०२४ को आम निर्वाचनको पूर्वसन्ध्यामा आयोजना गरेको 'राष्ट्रव्यापी पदयात्रा' सोमवार इम्फाल वेस्टबाट शुरू भएको छ। काङ्ग्रेसको दोस्रो चरणको 'राष्ट्रव्यापी पदयात्रा' को दोस्रो दिन हो।

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा पार्टीका वरिष्ठ नेता राहुल गाँधीले 'भारत जोडो न्याय यात्रा' अर्थात् 'भारत एकता न्याय मार्च' को आइतवार उद्घाटन गरेका थिए।

गत वर्ष मणिपुरमा भएका जातीय हिंसाका कारण १८० भन्दा बढीको ज्यान गएको थियो र हजारौं घरबारविहीन भएका थिए।

गाँधीले राज्यको थौबल जिल्लाबाट पदयात्राको उद्घाटन गरेका हुन्। उनले मणिपुरमा शान्ति र सद्भाव ल्याउने प्रतिज्ञा गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई मणिपुरको भ्रमण नगरेको भन्दै कटाक्ष गरे।

उनले भने–"लाखौं मानिसले क्षति बेहोर्नुपर्‍यो, तर प्रधानमन्त्री यहाँ आँसु पुछ्न, हात समात्न वा अँगालो हाल्न आउनुभएको छैन।"

"तपाईंको पीडा उनीहरूको पीडा होइन"–गाँधीले प्रधानमन्त्री र उनको दलका नेतातर्फ सङ्केत गर्दै भने।

उनले भने–"मणिपुरको जनताले भोगेको पीडा हामीले बुझेका छौं। हामी चोट, दुःख बुझ्छौं। हामी जसको लागि यो राज्य परिचित थियो, उनीहरूबीच सद्भाव, शान्ति र स्नेह फिर्ता ल्याउने छौं।"

पदयात्राको लक्ष्य ६६ दिनमा ६,७०० किलोमिटरभन्दा बढी दूरी पार गर्नुरहेको छ। मार्च २० मा भारतको आर्थिक राजधानी मुम्बईमा यसको समापन हुनेछ।

सन् २०२२ सेप्टेम्बरमा गाँधीले करीब १५० दिनमा ४,००० किलोमिटरको दूरी पार गरेर यस्तै अभियान चलाएका थिए। जनवरी २०२३ मा समाप्त भएको पहिलो पदयात्राले काङ्ग्रेसजनबीच सकारात्मक प्रतिक्रिया पाएको थियो। पदयात्राले देशभरिका दलका हजारौं नेता, कार्यकर्ता तथा शुभेच्छुकलाई काङ्ग्रेसको भूमिकाप्रति आशावादी बनाएको थियो। रासस



नेता गाँधी 'भारत जोडो न्याय यात्रा'को दोस्रो दिन इम्फाल पश्चिम जिल्ला, मणिपुरको सेकमाई गाउँमा। तस्वीरः पिटिआई

# गाजामा भएको आक्रमणमा ६० भन्दा बढीको मृत्यु

गाजापट्टी, १ माघ (रासस/एएफपी

हमासद्वारा नियन्त्रित गाजा क्षेत्रमा रहेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले इजरायली सेनाको आक्रमणमा ६० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको सोमवार जनाएको छ।

गाजापट्टीमा इजरायली आक्रमण र तोपको बमबारीका कारण दर्जनौं व्यक्ति घाइते भएको हमासको सञ्चार कार्यालयले जनाएको छ।

दक्षिणी शहर खान युनिस र राफाका साथै गाजा शहर वरपरका क्षेत्रमा आक्रमण भएको सञ्चार माध्यमले जनाएका छन्।

दुई अस्पताल, छात्रा विद्यालय र दर्जनौं घरलाई निशाना बनाइएको हमासले बताएको छ।

अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गत संरक्षित अस्पतालहरू युद्ध शुरू भएदेखि नै गाजामा इजरायली आक्रमणबाट बारम्बार प्रभावित हुँदै आएका छन्।

इजरायली सेनाले हमासले अस्पतालमुनि सुरुङ निर्माण गरेको र त्यसलाई कमान्ड सेन्टरका रूपमा प्रयोग गरेको र आफ्ना गतिविधि ढाकछोप गर्न सर्वसाधारणको भौतिक संरचनाको दोहन गरेको आरोप लगाएको छ।

अक्टोबर ७ मा हमासका लडाकूहरूले इजरायलमाथि आक्रमण गरेपछि गाजामा युद्ध शुरू भएको थियो। युद्धका कारण इजरायलमा करीब ११४० जनाको मृत्यु भएको एएफपीलाई इजरायलबाट प्राप्त आधिकारिक तथ्याङ्कमा उल्लेख छ।

लडाकूहरूले लगभग २५० बन्धकलाई पनि कब्जामा लिएकोमा करीब १०० भन्दा बढीलाई मुक्त गरिएको छ भने अझै १३२ जना गाजामा रहेको इजरायलले बताएको छ। बन्धकमध्ये कम्तीमा २५ जना मारिएको विश्वास गरिएको छ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलले प्रतिशोधस्वरूप हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता जनाएको छ। हमासको आक्रमणको प्रतिक्रियामा इजरायलले प्यालेस्टिनी क्षेत्रमा शुरू गरेको आक्रमणमा कम्तीमा २३,९६८ व्यक्तिको ज्यान गएको छ भने इजरायली सैन्य कारबाई निरन्तर जारी छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – प्रगति |
| सिंह – रोगभय | कन्या – नारीसुख |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# ब्रजीलमा आँधीमा ११ जनाको मृत्यु

साओ पाउलो, ब्रजील, १ माघ/सिन्ह्वा

ब्रजीलको दक्षिणपूर्वी शहर रियो दि जेनेरियोमा हालै आएको आँधी–बेहरीपछि आएको बाढी र पहिरोमा परी कम्तीमा ११ जनाको मृत्यु भएको छ।

आइतवार बिहान आएको आँधीले शहरको उत्तरी क्षेत्रका साथै छिमेकी नगरपालिकाहरू नितरोय, डुक डे काक्सियास, बेलफोर्ड रोक्सो र साओ जोस डे मेरिटीलाई प्रभावित गरेको स्थानीय अधिकारीले जनाए।

बाढीका कारण सयौं मानिसले आफ्नो घर खाली गर्नुपरेको दमकल विभागले जनाएको छ। उनीहरूलाई सुरक्षित क्षेत्रमा स्थापना गरिएका शिविरहरूमा राखिएको छ।

शहरका मेयर एडुआर्डो पेसले आपत्कालीन स्रोत–साधनको व्यवस्थापन र बाढीबाट प्रभावित मानिसको हेरचाहका लागि सङ्कटकालीन अवस्था घोषणा गरेका छन्। रासस






**खिचडी भोजः** माघे सङ्क्रान्ति अर्थात् मधेसको तिला सङ्क्रान्ति पर्वको अवसरमा सोमवार जनकपुरधामको जानकी चोकका युवाहरूले विगत १२ वर्षदेखि आयोजना गर्दै आएको खिचडी भोजमा सहभागी नेपाली काङ्ग्रेसका नेता तथा सङ्घीय सांसद विमलेन्द्र निधि लगायत। तस्बिरः अजयकुमार साह/रासस

# सिम्रौनगढमा पशुबजारको उद्घाटन

प्रस, सिम्रौनगढ, १ माघ/

सिम्रौनगढ नगरपालिका–६ बानरगाछीमा सोमवार पशु बजारको उद्घाटन भएको छ।

भेंडालगायतका चौपाया बिक्री गर्न पशु बजार शुरू गरिएको छ। वडाध्यक्ष नन्दकिशोर जयसवालले पशु बजारको उद्घाटन गरेका थिए।




वर्षौंदेखि लाग्दै आएको गोरु बजार एक दशकदेखि बन्द थियो। बन्द बजारलाई सुधार गरी थप पाडा, पाडी, भैंसी, गाई, गोरु, खसी, बाख्रा, प्रतिनिधि, सुरक्षाकर्मीहरूको सहभागिता थियो।

सिम्रौनगढ उद्योग वाणिज्य सङ्घका अध्यक्ष लालबाबूप्रसाद कुशवाहाको अध्यक्षतामा भएको उद्घाटन समारोहमा स्थानीय व्यापारी, विभिन्न सङ्घसंस्थाका

गुठी संस्थान, वीरगंजको सहयोगमा अब साबिक अनुसार साताको सोमवार र शुक्रवार पशु बजार लाग्ने सिम्रौनगढ उद्योग वाणिज्य सङ्घका अध्यक्ष कुशवाहाले बताए।

# मोटरसाइकल चोर पक्राउ

प्रस, पंचगावाँ, १ माघ/

पटेर्वासुगौली गाउँपालिका–५ मनिहर्वा चोकस्थित वीरगंज–ठोरी हुलाकी सडकखण्डबाट हिजो राति मोटरसाइकल चोरी गरी भागेका दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। जगरनाथपुर गापा–४ सुघपुरसोहरीका सुनील जोशीले प्र.२–०३–०२० प ८७८६ नम्बरको २०० सय सीसीको पल्सर मोटरसाइकल राखेर स्थानीय होटलमा खाजा खाइरहेका थिए।

मोटरसाइकलको लक तोडेर जीराभवानी गापा–५ शङ्करसरैया निवासी अजित चौधरी र शङ्कर चौधरीले मोटरसाइकल लिएर भागेका थिए। तर हुस्सुका कारण उनीहरू चोरी गरी भागेको स्थानभन्दा केही अगाडि आलुको खेतमा लडेका थिए। दुवै चोरलाई होटल साहुको सहयोगमा प्रहरीले पक्राउ थियो।

मोटरसाइकलधनी जोशीले क्षतिपूर्तिसहित दोषीमाथि कारबाहीको माग गरेको प्रहरीले जनाएको छ।



# टुँडिखेलमा भागदौड हुँदा घाइते हुनेको सङ्ख्या १६ पुग्यो

काठमाडौं, १ माघ/रासस

माघी मनाउन टुँडिखेलमा जम्मा भएकाहरूबीच भागदौड हुँदा घाइते हुनेको सङ्ख्या १६ पुगेको छ।

माघे सङ्क्रान्तिको अवसरमा मगर र थारू समुदायले सोमवार टुँडिखेलमा आयोजना गरेको छुट्टाछुट्टै कार्यक्रममा सहभागीबीच भागदौड हुँदा १६ जना घाइते भएका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए।



घाइतेहरूलाई उपचारका लागि वीर अस्पतालको ट्रमा सेन्टरमा भर्ना गरिएको उनको भनाइ छ। महोत्सवस्थलमा प्रवेश गर्ने र बाहिरिनेबीच धकेलाधकेल हुँदा उनीहरू घाइते भएका प्रहरीको भनाइ छ।

घाइते भएकामा १२ वर्षीया त्रिषना मगर, १२ वर्षीया अञ्जना तामाङ, १९ वर्षीया रेजिना घले, १६ वर्षीया निकिता मगर, ३० वर्षीया रेखा चौधरी, १६ वर्षीया अनिसा केसी छन्। साथै २५ वर्षीया कल्पना चौधरी, २२ वर्षीया मन्दिरा बस्नेत, ४० वर्षीया मीना थापा, १९ वर्षीया रिजा रेश्मी मगर, प्रहरी जवान पृथ्वी बुढामगर, २५ वर्षीया निशा राना थापा, २२ वर्षीया निर्मला श्रेष्ठ, २७ वर्षीया रश्मी नेपाल, ११ वर्षीया युनिका बराल, १४ वर्षीया करिश्मा मगर रहेको प्रउ ढुङ्गेलले बताए।

**स्वास्थ्य ...**

सामुदायिक अस्पतालमा लागू हुनेछ। अहिलेसम्म कुल ७४ लाख ६६ हजार सातजना बीमामा आबद्ध रहेका र तीमध्ये ३४ लाख ७६ हजार ७७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएको बोर्डकी सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिइन्। उनका अनुसार अहिले सक्रिय बीमित ४८ लाख ५९ हजार ५१५ जना रहेका छन्।

यस्तै, अतिगरीब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अति अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिनुपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ।

# सतर्क हुन प्रजिअ भुसालको निर्देशन

राधेश्याम पटेल, परवानीपुर, १ माघ/

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले कोभिड व्यवस्थापन समिति पर्साका सबै सरोकारवाला निकाय सतर्क रहनुपर्ने बताएका छन् ।



वीरगंज भन्सारको यार्डमा निर्मित होल्डिङ सेन्टर । तस्वीरः प्रतीक

भारतका विभिन्न राज्यमा कोरोना सङ्क्रमणको नयाँ भेरियन्ट फेला परिरहेको अवस्थामा रक्सौल नाकाबाट भित्रिरहेका सर्वसाधारणमा कोभिड सङ्क्रमण फेला परेको सूचनाका कारण फेरि कोभिड बढ्न सक्ने सम्भावना रहेकोले सरोकारवाला निकायलाई सतर्क रहन उनले निर्देशन दिएका हुन् । कोभिड व्यवस्थापन समिति पर्साका संयोजकसमेत रहेका प्रजिअ भुसालले सोमवार वीरगंज भन्सार क्षेत्रमा निर्माण भइसकेको एक हजार क्षमताको होल्डिङ सेन्टरको निरीक्षण गर्दै सो निर्देशन दिएका हुन् । उनले भोलि दिउँसो ३ बजे कोभिड व्यवस्थापन समिति पर्साको बैठक राखेको जानकारी पनि गराए । बैठकमा आगामी दिनमा कोभिड नियन्त्रणको लागि सरोकारवाला निकायको भूमिका र पूर्वतयारीको विषयमा छलफल हुने उनले बताए ।

एक साताको अवधिमा वीरगंज नाकामा हेल्थ डेस्कले स्क्रिनिङ शुरू गरेको र एकजना नेपाली र दुई भारतीयसहित तीनजनामा कोभिड–१९ को सङ्क्रमण फेला परेकाले चेकजाँचमा कडाइ गरिएको छ भने प्रारम्भिक चरणबाटै सतर्कता अपनाउने आफूहरूको लक्ष्य रहेको प्रजिअ भुसालले भने– "भोलि मङ्गलवारको बैठकमा स्वास्थ्य कार्यालय पर्सा, महानगर स्वास्थ्य शाखा, सुरक्षा निकाय एवं नारायणी अस्पताललगायत सरोकारवाला निकायको सहभागिता रहनेछ ।"

उनले वीरगंज भन्सारको यार्डमा निर्मित होल्डिङ सेन्टरमा विद्युत् र खानेपानी आपूर्तिको समस्या रहेकाले सम्बन्धित निकायको सहभागितामा यसको समाधान गरिने आश्वासन दिए ।

दुई वर्षअघि करोडौंको लगानीमा नेपाली सेनाद्वारा निर्मित होल्डिङ सेन्टर स्थानीय, प्रदेश र केन्द्र सरकारले स्वामित्व ग्रहण गर्न नसक्दा अहिले सो संरचना हस्तान्तरण हुन सकेको छैन । कोभिडमा वीरगंज हट स्पट बन्दा नेपाल सरकारको बजेटमा नेपाली सेनाले अक्सिजन आपूर्तिसहितको आइसियू सेवासहितको होल्डिङ सेन्टर निर्माण गरेको थियो । निरीक्षणमा स्वास्थ्य कार्यालय पर्साका जनस्वासथ्य निरीक्षक जयमोद ठाकुर, वीरगंज महानगरका स्वास्थ्य महाशाखा प्रमुख अनिल यादव, नेपाली सेना श्रीजङ्ग वीरगंज ब्यारेकका प्रतिनिधिलगायतको सहभागिता थियो ।


## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेशन खुला राखौं ।

झ्याल–ढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड





### अभियुक्त ...

अदालतबाट आइतवार पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले बताए ।

शिक्षक स्वर्णकारको गोली हानी हत्या गर्ने समूहका मुख्य नाइके भनिएका सिंहलाई पुस १० गते भारतीय सीमासँग जोडिएको छतवा मुसहर्वाबाट बारा प्रहरीले गोली प्रहार गरी पक्राउ गरेको थियो ।

स्वर्णकारको हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका स्वर्णकारकी प्रेमिका राधा गुप्ता र सुटर सिंहसहित सातजनालाई बारा जिल्ला अदालतले पुस २५ गते पुर्पक्षका लागि कारागार चलान गरेको थियो ।

शिक्षक स्वर्णकार हत्या प्रकरणमा बारा जिल्ला अदालतमा कुल ११ जनाविरुद्ध पुस १६ गते कर्तव्य ज्यान, सङ्गठित अपराध तथा हातहतियार खरखजाना मुद्दा दर्ता भएको थियो । पुस २५ गते सातजनालाई अदालतले पुर्पक्षको लागि जेल चलानको आदेश दिएको थियो ।

हत्यामा संलग्नमध्येका भारत बिहारका मनोज गुप्ता, चञ्चल पाण्डे, रौतहटको मौलापुर नगरपालिका बस्ने विनोदराय यादव र विशालकुमार यादव अझै पक्राउ पर्न सकेका छैनन् । यी चारजना अनुसन्धानकै क्रमदेखि हालसम्म फरार अवस्थामा छन् । गत कात्तिक १३ गते कलैया उपमहानगरपालिकामा स्वर्णकारलाई दिउँसै गोली प्रहार गरी भारतीय सुटरहरूले हत्या गरी फरार भएका थिए ।

# खेलकूदको संसार

## एनआई टी–२० कप : आयोजक र हेटौंडा स्कूल विजयी

प्रस, वीरगंज, १ माघ/

नारायणी क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक (एनआई) कप टी–२० क्रिकेटमा सोमवार भएका दुई खेलमा आयोजक नेशनल इन्फोटेक कलेज र हेटौंडा स्कूल विजयी भएका छन् ।




पहिलो खेलमा एनआईले सेन्ट जेभियर्सलाई ९१ रनले पराजित गरेको थियो । १२७ रनको लक्ष्य पछ्याएको सेन्ट जेभियर्सले सबै विकेट गुमाएर ३७ रन मात्र बनाएपछि आयोजक नेशनल इन्फोटेक कलेज विजयी भएको हो ।

सेन्ट जेभियर्सका राजु महतोले १२ र विकास पटेलले चार रन बनाएका थिए । बलिङतर्फ आयोजकका वासिम अली मन्सुरीले चार र सलमान मन्सुरीले तीन विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ गरेको नेशनल इन्फोटेक कलेजले तीन विकेटको क्षतिमा १२६ रन बनाएको थियो । सफवान अलीले ५० रन बनाएका थिए । सेन्ट जेभियर्सका सागिर मियाँ र राजु महतोले एक/एक विकेट लिएका थिए ।

आजै भएको दोस्रो खेलमा हेटौंडा स्कूलले वीरगंजको नेशनल एकेडेमीलाई दुई विकेटले पराजित गऱ्यो । ११० रनको लक्ष्य हेटौंडा स्कूलले १९ ओभरमा आठ विकेट गुमाएर पूरा गरी जीत हासिल गऱ्यो । हेटौंडा स्कूलको लागि राजा अहमदले ४५ र रामचन्द्र धामीले १५ रन बनाएका थिए । बलिङतर्फ नेशनल एकेडेमीका शेख समीर र वीरेन्द्र साहले दुई/दुई विकेट लिएका थिए ।

पहिलो ब्याटिङ गरेको नेशनल एकेडेमीले निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाएर १०९ रन बनाएको थियो । एकेडेमीका नितेश सर्राफले ३३ र शेख समीरले २२ रन बनाएका थिए भने हेटौंडा स्कूलका सन्तोष दासले तीन र पन्नालाल उपाध्यायले दुई विकेट लिएका थिए ।

## प्रधानमन्त्री कप क्रिकेट : आर्मीको जीत

काठमाडौं, १ माघ/रासस

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले मधेस प्रदेशलाई १२६ रनको भारी अन्तरले पराजित गरेको छ ।

जीतका लागि ३२१ रनको लक्ष्य पछ्याएको मधेस प्रदेश ४८ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै १९४ रनमा समेटियो । मधेसका लागि पवन सर्राफले ८३ बलमा सात चौका र तीन छक्कासहित सर्वाधिक ६५ रन बनाए । त्यस्तै, मयन यादवले ३२ बलमा छ चौकासहित ३२ बनाए । राजेश यादवले ४८ बलमा पाँच चौकासहित ३२ रनमा अविजित रहँदा रूपेश सिंहले १८, विशाल पटेलले १७ तथा हरिशङ्कर साहले चार रन बनाए ।

आर्मीका लागि साहब आलमले चार विकेट लिए भने सोमपाल कामीले दुई तथा जीतेन्द्र मुखिया र कुशल मल्लले समान एक/एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले निर्धारित ५० ओभरमा नौ विकेटको क्षतिमा ३२० रनको योगफल बनायो । आर्मीका लागि विनोद भण्डारीले ९३ बलमा नौ चौका र छ छक्कासहित ११३ रनको शतकीय पारी खेले । यसैगरी, सन्तोष कार्कीले ४२, कुशल मल्ल र विवेक यादवले समान ३७, इमरान शेखले २६, भीम सार्कीले १८ तथा बसिर अहमदले १६ रन बनाए ।

आर्मीका विनोद र कुशलले पाँचौं विकेटको लागि १३२ तथा पहिलो विकेटको लागि सन्तोष र इमरानले ५३ रनको साझेदारी गरेका थिए ।

मधेसका लागि रञ्जीत कुमारले पाँच विकेट लिए भने विशाल पटेलले दुई तथा राजेश यादव र रूपेश सिंहले समान एक/एक विकेट लिए ।

## प्रधानमन्त्री कप क्रिकेट : लुम्बिनीविरुद्ध सुदूरपश्चिमको सहज जीत

भैरहवा (रूपन्देही), १ माघ/रासस

यहाँ जारी प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगितामा सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई पाँच विकेटले पराजित गरेको छ । सोमवार भएको खेलमा ब्याटर शेर मल्लको उत्कृष्ट प्रदर्शनमा सुदूरपश्चिमले जारी प्रतियोगितामा पहिलो जीत दर्ता गराएको छ ।

टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले ४८ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै १५८ रन मात्रै बनाउन सक्यो । लुम्बिनीका लागि प्रज्जवल थापाले ६८ बलमा चार चौकाको मदतमा सर्वाधिक ४२ रन बनाए भने मोहम्मद हुसेनले २६ रन र विराट भण्डारीले २३ रन बनाए ।

सुदूरपश्चिमका लागि नारायण जोशीले तीन विकेट लिए भने भोजराज भट्ट र नरेन साउदले समान दुई/दुई विकेट लिए । १५९ रनको लक्ष्य सुदूरपश्चिमले २९ दशमलव तीन ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो । उसका लागि शेर मल्लले अविजित ४२ रन र नारायण जोशीले २८ रन जोडे । साथै ओपनरद्वय खडक बोहराले २१ र टेक रावतले १८ रन बनाए । लुम्बिनीका लागि अभिषेक गौतमले तीन विकेट लिए भने कृष्ण कार्की र अजय चौहानले समान एक/एक विकेट लिए । सुदूरपश्चिमका नारायण जोशी 'प्लेयर अफ दी म्याच' घोषित भए ।

# मिर्गौलापीडित युवकलाई सहयोग माग

प्रस, परवानीपुर, १ माघ/

रौतहट जिल्ला, मौलापुर नगरपालिका–६ पथराबुधराम बस्ने १८ वर्षीय किशोर यादवको दुवै मिर्गौलाले काम गर्न छोडेको चिकित्सकहरूले बताएका छन् ।

उनको अहिले वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । हप्तामा एकपटक उनको डायलासिस भइरहेको परिवारजनले बताए । घरको आर्थिक अवस्था नाजुक रहेकोले उनले सहयोगको लागि अपील गरेका छन् । अविवाहित यादव फर्निचरको काम गर्थे । सोही क्रममा उनले नारायणी अस्पतालमा उपचार गराउँदा अस्पतालले दुवै मिर्गौला काम नलाग्ने प्रमाणित गरेको थियो । मेहनतको काम गर्ने तथा नियमित खानामा समस्या भएका कारण उनको दुवै मिर्गौलाले काम नगरेको परिवारजनले बताएका छन् । आर्थिक अवस्था कमजोर भएको र उपचारमा सहयोग गर्न परिवारजनले अपील गरेका छन् ।

